का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ११९
❐ ७ असार २०७७, आइतबार
❐ 21 June 2020, Sunday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेट: शनिबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ८६०५ जना | १५७८ जना | १६९१६५ | ७००५ | २२ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ८८ लाख ३ हजार | ४६ लाख ५६ हजार | ४ लाख ६३ हजार | ३६ लाख ८२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम




**नेकपा निर्णय**

# सात वर्ष पछाडि अंगीकृत नागरिकता

**सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले अत्याधिक विवादमा रहेको अंगीकृत नागरिकता सम्बन्धी नेपाली पुरूषसँग विवाह गर्ने विदेशी महिलाले सात वर्ष पछाडि मात्रै अंगीकृत नागरिकता पाउन सक्ने निर्णय गरेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असार ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले लामो समय देखि विवादितमा रहेको नागरिकता सम्बन्धी आफ्नो धारणा प्रष्ट पारेको छ । शनिबार बिहान प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको नेकपाको सचिवालय बैठकले प्रस्तावित नागरिकता सम्बन्धी विधेयकमा वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्ने सम्बन्धी धारणा प्रष्ट पारेको छ । नेकपाले नेपाली पुरुषसँग विवाह गरी आउने विदेशी महिलालाई विवाह भएको सात वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था राख्ने गरी विधेयक अघि बढाउने निर्णय गरेको छ ।

संघीय संसदको प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिमा दुई वर्ष देखि छलफल भइरहेको विधेयकबारे समितिमा सहमति जुट्न नसकेको छैन । बिहीबार मात्रै बसेको समितिमा पनि नेकपासँग मिल्दोजुल्दो प्रस्ताव आएको थियो । समितिमा प्रस्ताव गरिएको प्रावधानअनुसार, पनि नेपाली पुरुषसँग विवाह गरी आउने विदेशी महिलाले सात वर्ष पछाडि मात्रै अंगीकृत नागरिकता पाउने व्यवस्था गरिएको छ । तर, नेकपाले आफ्नो आधिकारिक धारणा र निर्णय भने गरेको थिएन ।

बिहीबारकै समितिको बैठकमा नेकपाले समितिको प्रस्तावमै सहमति जनाएको थियो । तर, प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले भने यसमा सहमति जनाएको थिएन । काँग्रेसकै असहमतिका कारण समितिले कुनै निर्णय लिन सकेको छैन । समितिकी सभापति शशी श्रेष्ठले सहमतिका लागि पाँच दिनको समय दिएकी छन् ।

समितिका सभापति श्रेष्ठले अब ढिलाइ गर्न नहुने भन्दै पाँच दिनभित्र सहमति जुटाउन समय दिएको चौथो दिन नेकपाले निर्णय गरेको छ । तर, प्रमुख प्रतिपक्षी काँग्रेसले भने अझै यसबारे कुनै निर्णय गरेको छैन । काँग्रेसले भने अहिलेकै व्यवस्था अर्थात् विवाह गरेको प्रमाणित कागजातका आधारमा अंगीकृत नागरिकता दिनुपर्ने अडान लिदै आएको छ ।

सचिवालय बैठक पछाडि नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले त्यस्तो नागरिकता प्राप्त गर्न ती व्यक्तिले सम्बन्धित देशको नागरिकता परित्याग गरेको प्रक्रिया आरम्भ गरेको हुनुपर्ने पनि निर्णय गरिएको बताए । प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठकसँगै निकै लामो समय पछाडि नागरिकताबारे नेकपाको प्रष्ट धारणा आएको छ ।

तर, प्रदेश नम्बर दुईमा भने यसको विरोध शुरु भएको छ । प्रदेश दुईको प्रदेशसभा बैठकमा सत्तारुढ नेकपा बाहेकका दलले नेकपाको निर्णयको विरोध जनाएका छन् । जनता समाजवादी पार्टी र नेपाली काँग्रेसले नेकपाको निर्णयको विरोध जनाएका हुन् । काँग्रेसका सांसद शिवचन्द्र चौधरीले २०६३ को अन्तरिम संविधानको मर्म बिपरीत आएको निर्णय खेदजनक रहेको बताए । उनले भने, “भारतमा आधार कार्ड, रासन कार्डबाटै धेरै अधिकार प्राप्त गर्न सकिन्छ । यता विहे गरेर आएकी महिलाले नागरिकता नलिदै श्रीमानको मृत्यु भएमा के गर्ने ?”

काँग्रेसले अन्तरिम संविधानमा व्यवस्था भएकैजस्तो वैवाहिक अंगीकृत नागरिकताको व्यवस्था गर्नुपर्ने अडान लिएको छ । जनता समाजवादी पार्टीका सांसद मनिष सुमनले मधेशी समुदाय लक्षित गरेर यस्तो निर्णय आएको बताए । उनले भने, “मधेशी समुदायलाई लक्षित गरी यस्तो निर्णयमा कुनै पार्टी लाग्नु दुखद् विषय हो ।”



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) शनिबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा भएको सचिवालय बैठकका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' सलगायत नेता ।
*-तस्वीरः सौजन्य प्रधानमन्त्रीको सचिवालय*

# बढाइयो परीक्षण दर

## ■ संक्रमित संख्या ८६०५

**क्वारेन्टिनमा रहेका, आइसोलेसनमा रहेका, कोरोना रिपोर्ट पोजेटिभ देखिएकाको सम्पर्कमा आएकाहरूलाई प्राथमिकता दिएर स्वाब संकलन गरिरहेको छ । देशका २४ प्रयोगशालाका लागि शनिबार अहिलेसम्मकै उच्च दरमा स्वाब संकलन गरिएको सरकारले जनाएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असार ।

कोभिड महामारी रोकथाम गर्न झण्डै तीन महिना लामो लकडाउन गरिसकेको सरकारले परीक्षण दर बढाउने तयारी गरेको छ । शुक्रबार मात्रै राष्ट्रियसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले दैनिक दश हजार परीक्षण गरिने बताएका थिए । तर, प्रधानमन्त्री ओलीले भनेजस्तो दश हजार नभएर शनिबार सार्वजनिक तथ्यअनुसार, २४ घण्टामा सात हजार ४१६ स्वाब संकलन गरिएको छ ।

स्वाब संकलनको यो संख्या पनि अहिलेसम्मकै उच्च हो । यसअगाडि देशका २४ वटा प्रयोगशालाबाट दैनिक औसतमा ४५ सय हाराहारीमा परीक्षण हुँदै आएको थियो । अहिलेसम्म पीसीआर प्रणालीबाट एक लाख ६९ हजार १६५ जनाको परीक्षण गरिएको छ । त्यस मध्ये एक लाख ६० हजार ५६० जनाको रिपोर्ट नेगेटिभ आएको छ ।

अझै देशभरका क्वारेन्टिनमा एक लाख दुई हजार २४५ जना राखिएका छन् भने सात हजार पाँच आइसोलेसनमा छन् । अर्थात्, दैनिक सात हजारका दरले स्वाब संकलन गर्ने र त्यही दरमा परीक्षण गर्ने हो भने १६ दिनभित्र क्वारेन्टिन र आइसोलसनमा अहिले रहेकाहरुको परीक्षण हुनेछ ।

प्रधानमन्त्री ओलीले नै ६ लाखसम्मको परीक्षण गराउने योजना रहेको घोषणा गरेका छन् । अहिलेसम्म आरडिटी प्रणालीबाट दुई लाख ५२ हजार तीन सयको परीक्षण गरिएको छ । तर, स्वास्थ्य मन्त्रालयले सवैको परीक्षण नगराउने भनेपछि राजधानी सहित विभिन्न स्थानमा प्रदर्शन भइरहेको छ ।

**थपिए ३३१**

पछिल्लो २४ घण्टामा ३३१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसख्या मन्त्रालयका अनुसार संक्रमितमा ४९ महिला र २८२ पुरुष छन् । यससँगै नेपालमा संक्रमित संख्या आठ हजार ६०५

बाँकी पृष्ठ २ मा

# संख्या सय : सधैं झुण्डिने तरवार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असार

ईजाजतपत्र नवीकरणका लागि फाईल बोकेर बुद्धनगर स्थित वैदेशिक रोजगार विभाग पुग्नुपर्ने बहुसंख्यक वैदेशिक रोजगार व्यवसायीहरुको ध्यान यतिबेला मन्त्रिपरिषद्को बैठकको निर्णयमा केन्द्रित रहेको छ ।

वैदेशिक रोजगार ऐन र नियमावलीमा म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्न पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष कम्तीमा एक सय जना कामदार वैदेशिक रोजगारमा पठाएको प्रमाणित हुने कागजात समावेश गरिनुपर्ने व्यवस्था अनिवार्य गरिएपछि तोकिएको संख्या पुर्‍याउन नसक्ने ८ सय ५४ व्यवसायीमध्ये सवा ५ सय व्यवसायी नवीकरणबाट बञ्चित हुने आँकलन गरिएको छ ।

गत २०७५ फागुनमा ऐन र २०७६ भदौमा नियमावलीमा फरक-फरक अर्थ आउने गरी संख्या अनिवार्य गरिएपछि मुलतः मलेसियामा कामदार पठाउने व्यवसायीहरु त्रसित देखिएका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले कोरोना भाइरसका कारण वैदेशिक रोजगार ऐन र नियमावलीले ईजाजतपत्र नवीकरणका लागि तोकेको संख्यामा कामदार पठाउन नसकेका म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण हुने व्यवस्थाका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाएको बताएपछि व्यवसायीहरुको छट्पटी केही कम भएपनि कहिले काहीं मन्त्रालयले पठाएको प्रस्ताव भन्दा फरक शैलीमा निर्णय हुनसक्ने भन्दै मन्त्री यादवले दिएको अभिव्यक्तिले व्यवसायीको छट्पटीलाई यथावत राखिदिएको छ ।

संख्या सयको समस्या समाधान गर्न प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चद्वारा गठित समितिका संयोजक हरिबहादुर पाण्डे क्षेत्रीले करिब तीन महिनाको मेहनतपछि ऐन र नियमावीलमा रहेको प्रावधानले झण्डै खारेज हुनुपर्ने अवस्थामा पुगेका ५ सय १३ वटा वैदेशिक रोजगार व्यवसायमा सजाइएका साइन वोर्ड फुकाल्नु नपर्ने दृढ आशा पलाएको दावी गरेका छन् । तर मन्त्रिपरिषद्बाट निर्णय भने आएको छैन ।

व्यवसायीको ईजाजतपत्र नवीकरण गर्न उसले पठाएको कामदारको संख्या ऐन र नियमावलीमा तोक्ने विषपमा फरक-फरक दृष्टिकोण पाइन्छ । वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न थोरै पुँजी भएका कारण 'हैसियतविहीनहरु पनि प्रवेश गरेको' केही अधिकारकर्मी र सिमित व्यवसायीहरुको प्रत्यक्ष परोक्ष सुझावपछि बृहत छलफल विना नै केही नेपाल ऐन संशोधन गर्ने विधेयकको बाटो हुँदै वैदेशिक रोजगार ऐनमा धरौटी वृद्धि र संख्याको बाध्यात्मक प्रावधानले प्रवेश पाएको हो ।

अघिल्लो वर्ष

बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## संघमाथि प्रगतिशीलको आरोपै आरोप

**काठमाडौं/मस-** संख्या सय समस्या समाधान समितिले व्यवसायीहरुको ईजाजतपत्र नवीकरणसहित वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याको तत्कालीन र दीर्घकालीन समाधानसहितको प्रतिवेदन प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मन्च नेपाललाई बुझाएको छ ।

मञ्च र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त बैठकले गत चैत १ गते मञ्चका पूर्व अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीको संयोजकत्वमा दश सदस्यीय समिति गठन गरेको थियो । शुक्रबार राजधानीको सामाखुशीमा आयोजित पत्रकार सम्मेलनमा समितिका संयोजक पाण्डेले मञ्चका संयोजक राम प्रसाद भान्तनालाई उक्त प्रतिवेदन हस्तान्तरण गरे ।

समितिले सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेताहरु, केही पूर्व प्रधानमन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीलागयतलाई चरणबद्ध रुपमा भेटेर म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्न पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष कम्तीमा एक सय जना कामदार वैदेशिक रोजगारमा पठाएको प्रमाणित हुने व्यवस्था

बाँकी पृष्ठ २ मा

## श्रम स्वीकृति जापान र कोरियाका लागि मात्र

**काठमाडौं/मस-** आंशिक रुपमा वैदेशिक रोजगारी खुला गर्ने सरकारी निर्णय दक्षिण कोरिया र जापान जस्ता विकसित देशमामात्र सिमित देखिएको छ । कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) को शुक्रबार बसेको बैठकले फागुन ३० गतेदेखि बन्द रहेको श्रम स्वीकृति खुला गरेको भन्ने समाचार सार्वजनिक भएपछि वैदेशिक रोजगारीमा जान प्रतिक्षारत कामदार र पठाउने व्यवसायीहरुमा व्यापक चासो देखिएको थियो ।

तर समितिको निर्णय विदामा घर आएका कामदार हरुका हकमा मात्र सिमित रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय र वैदैशिक रोजगार विभागका महानिर्देशक कुमार दाहालले बताए । समितिको लिखित निर्णय आइतबारमात्र पाउने अपेक्षा गरिएको र लिखित आएपछि मात्र थप स्पष्ट

बाँकी पृष्ठ २ मा

# बेसार दलेर विरोध

**कोभिड महामारी रूघाखोकी जस्तो भएकाले नडराउनु, हाछ्यु गर्दा पनि जाने अनि बेसार खाएर नेपालीहरू ठीक भएको अभिव्यक्ति दिएपछि शनिबार राजधानीको सुनधारा-शहीदगेट क्षेत्रमा युवाहरूले बेसार दली सडकमा सुतेर सरकारको विरोध जनाएका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असार ।

शुक्रबार राष्ट्रियसभामा सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना महामारी सामान्य रुघाखोकी जस्तै भएको अभिव्यक्ति दिएपछि विवादित बनेका छन् । प्रधानमन्त्री ओलीले यो रोग रुघाखोकी जस्तै भएकाले हाछ्यू गरेर, तातोपानी र बेसारले ठीक हुने अभिव्यक्ति दिएका थिए ।

सरकारले कोरोना रोकथाममा राम्रो काम गरेको फेहरित प्रस्तुत गर्दै प्रधानमन्त्री ओलीले यो रोगलाई ठूलो रुपमा लिन नहुने बताएका थिए । प्रधानमन्त्री ओलीको यो अभिव्यक्ति अहिले सामाजिक सञ्जालमा भाइरल बनेको छ । कयौंले मजाक गरिरहेका छन् । कतिपयले प्रधानमन्त्रीको अभिव्यक्तिलाई गैरजिम्मेवार भनी टिप्पणी गरेका छन् ।

शनिबार राजधानीको सुन्धरा-शहीद गेट क्षेत्रमा सरकारको विरोधमा प्रदर्शन नै भएको छ ।



सडकमा लम्पसार गरेर सरकारको विरोध जनाएका छन् । कतिपयले भने शरीरभर बेसार दलेर सतप्रतिशत पीसीआर परीक्षण गराउनुपर्ने माग गरेका छन् । कतिपयले भने खुट्टा आकाशतिर फर्काएर सरकारको विरोध गरेका छन् ।

सरकारको दावी

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भने शनिबार नै महामारी रोकथामका लागि गरेको प्रयास समेटेर पुस्तक सार्वजनिक गरेको छ । स्वास्थ्य तथा जनसंख्या भानुभक्त ढकालले असार १५ भित्र प्रतिदिन कम्तीमा १० हजारको संख्यामा परीक्षण गर्न सक्ने गरी क्षमता विस्तार गरिरहेको बताए । “संक्रमितको संख्या क्रमशः बढेकाले विज्ञहरुको परामर्शमा 'होम आइसोलेशन'का लागि मन्त्रिपरिषद्बाट स्वीकृत गराई मार्गदर्शन जारी गर्दैछौं । करीब करीब कोरोना महामारीलाई जित्न युद्धकै शैलीमा समन्वयात्मकरुपमा काम गरिरहेका छौं ।”

मन्त्री ढकालले स्वास्थ्य सामग्री खरीद प्रक्रिया नियमकानूनअनुसार नै सम्बन्धित निकायबाट प्रक्रियाअनुसार काम भएकाले कुनै अनियमिता नभएको स्पष्ट गरे । “म इमान र निष्ठाका साथ राजनीति गर्दै आएको छु । यसमा म आज पनि अडिग छु र भोलि पनि अडिग रहनेछु । मलाई अनियमितामा जोडेर टिप्पणी गर्नेहरु यथार्थ बुझेपछि भविष्यमा

बाँकी पृष्ठ २ मा

# कोरोनासँग जुध्न उच्च मनोस्वास्थ्य महत्वपूर्ण : प्रम ओली



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना भाइरसको महामारीसँग जुध्न औषधीय गुणयुक्त आहार, व्यायाम र उच्च मनोस्वास्थ्य महत्वपूर्ण विषय रहेको बताएका छन् । छैटौं अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा एक शुभकामना सन्देश जारी गर्दै प्रधानमन्त्री ओलीले योग र वानस्पतिक औषधीय वस्तुको प्रयोगमा जोड दिएमात्र निरोगी नेपालको उद्देश्य पूरा गर्न सक्ने बताए ।

उनले समृद्ध नेपाल सुखी नेपाली सरकारको राष्ट्रिय आकांक्षा रहेकाले त्यो पूरा गर्ने आधारका रुपमा शारीरिक एवं मानसिक रुपले स्वस्थ्य र निरोगी नागरिक हुनुपर्ने बताए । प्रधानमन्त्री ओलीले योग साधना र अभ्यासलाई आफ्नो जीवनशैली बनाएर आरोग्य प्राप्त गर्न सबैमा आह्वानसमेत गरे । सन् २०१५ बाट संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय योग दिवस मनाउन शुरु गरेपछि संसारभर जुन २१ लाई योग दिवसका रुपमा मनाइँदै आएको छ ।

सन्देशमा उनले योग साधना हाम्रो प्राचीन सभ्यताको मौलिक उपज रहेको भन्दै मानसिक अन्तर्यात्रामार्फत शारीरिक तथा मानसिक स्वास्थ्यको अध्ययन गर्ने योग शास्त्रको महत्व आधुनिक युगमा झनै मुखर भइरहेको बताए ।


'तनाव, अवसाद, द्वेष, ईर्ष्या र निन्दाका दुष्प्रभावबाट मुक्त गर्दै समाजलाई स्वस्थ, खुशी र सकारात्मक मनोचेतनाले दोऱ्याउन योग मानवीय जीवनको अङ्ग बन्नु आवश्यक छ,' सन्देशमा उनले भनेका छन्, 'योगको महत्वका बारेमा जनचेतना अभिवृद्धि गर्ने र यसका सरल विधिहरुको जनसाधारणमा पहुँच पुऱ्याउने काममा दिवसलाई सबै तह र क्षेत्रले सार्थक बनाउनु पर्दछ ।'

योग हाम्रो प्राचीन ज्ञानशास्त्रको महत्वपूर्ण विधा हो र यसले मानिसको शरीर, मन र कर्मलाई एकै स्थानमा अवस्थित गर्ने भन्दै सन्देशमा उनले मन, शरीर र कर्मको दूरी हटाई एकाग्रता प्रदान गर्नु योग भएको बताए । प्रधानमन्त्रीले योग साधनाले तनाव व्यवस्थापनमा सघाउने र मानव जीवनलाई स्वस्थ्य र नैतिकवान् बनाउन मद्दत पुऱ्याउने बताए ।

यहाँका वनस्पतिमा रहेको यौगिक प्रभावकारिताबारे आधुनिक विज्ञानका सोध ग्रन्थहरुमा पनि चर्चा गरेको उल्लेख गर्दै सन्देशमा उनले प्राच्य दर्शनमा अपनाइएको योग पद्धतिलाई आजको आधुनिक मेडिकल विज्ञानले पनि स्वीकार गरिसकेको बताए ।

# पूर्व महानिर्देशक सुवेदीलाई पितृ शोक

**काठमाडौं/मस–** नेपाल सरकारका पूर्व सहसचिव एवं वैदेशिक रोजगार विभागका पूर्व महानिर्देशक भरतराज सुवेदीलाई पितृ शोक परेको छ । पूर्व महानिर्देशक सुवेदीका पिता श्रीरुकमणी प्रसाद सुवेदी (रंगराज)को शुक्रबार बिहान २ बजेर ५५ मिनेटमा ८३ वर्षको उमेरमा निधन भएको हो ।



१९९४ साउन १८ गते भोजपुरको दलगाउँमा जन्मिएका स्वर्गीय रंगराज नेपाली कांग्रेसका सक्रिय सदस्य थिए । उनी २००७ सालको क्रान्तिदेखि विपि कोइरालाको अभियानमा नेपाली कांग्रेसले गरेको संघर्षमा लागेका थिए । स्वर्गीय रंगराज अत्यन्तै स्वाभिमानी योद्धा र महादानी स्वभावका थिए ।

न्याय प्रेमी, समाजसेवी, प्रजातान्त्रिक तथा उच्च मनोवल भएका उनी अरुको दुःखलाईसमेत आफ्नो ठानेर समस्यामा परेकाहरुलाई आफुले गर्न सक्ने सहयोग गर्ने एक राष्ट्रभक्त योद्धा थिए । जीवनको अन्तिम अवस्थासम्म उनले वैषणव धर्म अंगालेका थिए । स्वर्गीय रंगराजकी ८५ वर्षीया श्रीमती, दुई छोरी र ४ छोरा छन् ।

# व्यवसायी खड्कालाई मातृशोक

**काठमाडौं/मस–** वैदेशिक रोजगार एवं कृषि व्यवसायी अनन्त बहादुर खड्कालाई मातृशोक परेको छ । राजधानीको गौशाला मित्रपार्कस्थित अर्थ भिजन म्यानपावर सर्भिसेस प्रा.लि. का प्रवन्ध निर्देशक एवं दाङस्थित नेशनल भिजन मल्टी पर्पोज एग्रो



फर्मका संचालक अनन्त बहादुर खड्का तथा नेपाल विद्यार्थी संघका पूर्व उपाध्यक्ष प्रदिप खड्काकी आमा कृष्ण कुमारी खड्काको ७४ बर्षको उमेरमा शनिबार बिहान चाबहिलस्थित ओम अस्पतालमा निधन भएको हो । स्व. खड्काका दुई छोरी र दुई छोरा छन् ।

# एसईईको कानूनी व्यवस्था परिवर्तन गरिँदै

**प्रकाश सिलवाल/रासस**
काठमाडौं, ६ असार

माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसईई) को कानूनी व्यवस्थामा परिवर्तन गरिँदैछ । कोरोना महामारीका कारण हाल स्थगित परीक्षाबारे आगामी वर्षमा पनि माध्यमिक तहको राष्ट्रियस्तरको परीक्षालाई कक्षा १२ मा मात्रै कायम राख्ने गरी विद्यमान कानूनमा संशोधन हुन लागेको हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा नेपालले सरकार (मन्त्रिपरिषद्) बाट गत जेठ २८ गते संवत् २०७६ को माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसईई) को परीक्षा नलिई आन्तरिक मूल्याङ्कनका आधारमा ग्रेडिङ गर्ने निर्णय भएकामा यसलाई संरचनाका रुपमा विकास गर्न कानूनमा परिवर्तन आवश्यक हुन्छ ।

उक्त निर्णयलाई शिक्षा क्षेत्रमा सकारात्मक मानिएको छ । मुलुकमा सङ्घीयता लागू भइसकेको र माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि १२ सम्मलाई जनाइने नीति जारी भइसकेको अवस्थामा यसअघि नै कक्षा १० को एसईई परीक्षा राष्ट्रियस्तरमा गरिरहन आवश्यक नपर्ने शिक्षाविज्ञले आवाज उठाउँदै आएका थिए । सरकारले सङ्घीय शिक्षा ऐन जारी नभएको र बोर्डको प्रदेशस्तरमा संरचना तयार नभएकाले कक्षा १० को एसईईलाई निरन्तरता दिइ राष्ट्रियस्तरमा सञ्चालन गर्दै आएको थियो ।

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिले पनि कक्षा १० को एसईई परीक्षालाई राष्ट्रियस्तरमा गरिरहन नपर्ने गरी प्रबन्ध गर्न सरकारलाई निर्देशन दिइसकेको छ । शिक्षा ऐन, २०२८ (आठौं संशोधन), २०७३ कार्यान्वयनमा आएपछि तत्कालीन उच्चमाध्यमिक शिक्षा परिषद् खारेज भई राष्ट्रिय परीक्षा बोर्डमा रुपान्तरण भएको थियो । बोर्डले कक्षा १० देखि १२ सम्मको परीक्षासम्बन्धी कार्यलाई क्षेत्राधिकार भित्र आबद्ध गर्दै आएको छ ।

विगतमा प्रवेशिका परीक्षा (एसएलसी) भनिने सो परीक्षाको थालनी नेपालमा विसं १९९० बाट शुरु भएको हो । बोर्ड मातहत हालसम्म कक्षा १० तथा कक्षा ११ र १२ का लागि अलगअलग परीक्षा नियन्त्रण कार्यालय सञ्चालित छन् ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले सङ्घीय संसद्मा पेश हुने सङ्घीयताअनुरुपको शिक्षा ऐन तर्जुमाका लागि हाल कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा छलफल भइरहेकाले सो नयाँ ऐन पारित भएपछि माध्यमिक शिक्षाको कक्षा १० अन्तिम परीक्षाका सम्बन्धमा दीर्घकालीन रुपमा नयाँ व्यवस्थापन हुने बताए ।

गत चैत ६ गतेदेखि एसईई सञ्चालन हुने गरी कार्यतालिका प्रकाशन गरी सबै तयारी पूरा भएकामा कोरोना संक्रमणको अवस्थालाई दृष्टिगत गरी कोरोना सङ्क्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको गत चैत ५ गतेको निर्णयानुसार स्थगित भएको थियो । शिक्षा मन्त्रालयले परीक्षाका विकल्पबारे सुझाव दिन बोर्डका अध्यक्ष डा चन्द्रमणि पौडेलको संयोजकत्वमा समिति गठन गरेको थियो भने उक्त सुझावलाई मन्त्रिपरिषद्मा पेश गर्नुपूर्व सहसचिव दीपक शर्मा संयोजक रहेको कार्यदल गठन गरेको थियो ।

# आज सूर्यग्रहण लाग्दै

**काठमाडौं/मस–** आषाढ कृष्ण औंशी तिथि अर्थात् असार ७ गते आइतबार (आज) 'खण्डग्रास सूर्यग्रहण' लाग्ने भएको छ । नेपाली समय अनुसार बिहानको १० बजेर ५० मिनेटमा ग्रहण शुरु हुनेछ । ग्रहणको मध्य १२ बजेर ३८ मिनेटमा र अपरान्ह २ बजेर २३ मिनेटमा ग्रहण समाप्त हुनेछ । सूर्यग्रहण नेपालसहित एसियाका सबै देशबाट अवलोकन गर्न सकिने छ । सम्पूर्ण ग्रहण अवधि ३ घण्टा ३३ मिनेटको रहने छ । यो खण्डग्रास सूर्यग्रहण पश्चिम तर्फबाट स्पर्श भई पूर्वमा मोक्ष हुनेछ ।

आइतबार लाग्ने ग्रहण वास्तवमा वलयाकार सूर्यग्रहण भए पनि नेपालबाट खण्डग्रास सूर्यग्रहण मात्र देख्न सकिन्छ । मध्य अफ्रिकाको कंगो, सुडान, इथियोपिया, यमन, ओमान, पाकिस्तानको दक्षिणीभाग, भारतको देहरादून, कुरुक्षेत्र, चीनको तिब्बत लगायतका स्थानबाट वलयाकार सूर्यग्रहण देख्न सकिन्छ भने नेपालबाट खण्डग्रास सूर्यग्रहण देखिने छ । नेपालकै भूभाग लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्रबाट भने सबैभन्दा धेरै ९८ प्रतिशत सम्म सूर्य ढाकिएको देखिन्छ भने काठमाडौंबाट ८२ प्रतिशत सम्म सूर्य ढाकिने छ ।

सूर्य ग्रहण एउटा खगोलिय घटना हो । सूर्य र पृथ्वीको बीचमा चन्द्रमा आउदा चन्द्रमाले सूर्यबाट आएको प्रकाशलाई छेक्दा यसको छाया पृथ्वीमा पर्न गई सूर्यग्रहण हुन जान्छ । खण्डग्रास, खग्रास तथा वलयाकार सूर्य ग्रहण विभिन्न खगोलिय अवस्थामा निर्भर गर्दछ ।

यसैबीच सूर्यग्रहणलाई खाली आँखा, बाइनाकुलर, टेलिस्कोप, एक्स रे प्लेट वा ध्वाँसो लगाएको ऐनाले नहेर्न विज्ञहरुले सुझाव दिएका छन् । शास्त्रका अनुसार सूर्यग्रहणमा ४ प्रहर अर्थात् १२ घण्टा र चन्द्रग्रहणमा ३ प्रहर अर्थात् ९ घण्टापूर्व सूतक प्रारम्भ हुन्छ । त्यसैले असार ६ गते राति १० बजेर ५० मिनेट देखि नै बालक, बृद्ध, रोगी तथा गर्भवती महिला बाहेक अरू विवेकशिल प्राणिहरूलाई भोजन निषेध गरिएको छ ।

# गुल्मीमा जीप पुरिंदा एक जनाको मृत्यु

**सुमन महातारा/मध्यान्ह**
गुल्मी, ६ असार

गुल्मीमा पहिरोले जीप पुरिंदा एक जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । जिल्लाको धुर्कोट गाउँपालिका वडा नम्बर ३ हाडहाडेमा शनिबार उक्त दुर्घटना भएको धुर्कोट गाउँपालिका अध्यक्ष भुपाल पोखरेलले बताए । अर्घाखाँचीको मालारानी, हाडहाडे हुँदै धनमुडा जाँदै गरेको ग १ ज ३९९७ नम्बरको जी चुने ओडार भन्ने स्थानमा पहिरोले पुरेको हो । उक्त जीपमा छ जना सवार रहेको बताइएको छ ।

जीपमा सवारमध्ये अन्दाजी वर्ष १८ धुर्कोट गाउँपालिका तीनका तुल्सिराम काउछा ज्यान गएको छ । त्यस्तै गम्भीर घाइते हुनेमा सोही स्थानकै चालक प्रदिप पुन र रमेश राना रहेका छन् । उनीहरुलाई उपचारको लागि सन्दिखर्क पठाइएको इलाका प्रहरी कार्यालय पुर्कोट दहका प्रहरी निरीक्षक पकंज चुडालीले जानकारी दिए । सो दुर्घटनामा पाँच घाइतेमध्ये ३ जना केशव काउछा, खिम बहादुर काउछा र विशाल काउछाको अवस्था सामान्य रहेको छ ।

# लमजुङको चितीमा घर भत्किँदा ६ जना घाइते

**लमजुङ/मस–** लमजुङको बेंसीसहर नगरपालिका- ११ चितीको विष्टगाउँमा पहिरोले घर भत्किँदा ६ जना घाइते भएका छन् । दुई दिनदेखिको वर्षाका कारण घर भत्किँदा दुई परिवारका ६ जना घाइते भएका हुन् ।



घर भत्किँदा घरधनी ७० वर्षीय जुद्धबहादुर थापा, उनकी पत्नी किरण थापा, सोही घरमा डेरा गरी बस्ने ५३ वर्षीय लुकबहादुर गुरुङ, ४० वर्षीया सुशीला गुरुङ, १९ वर्षीय अमृत गुरुङ र १२ वर्षीया सरस्वती गुरुङ घाइते भएको प्रहरीले जानकारी दिएको छ ।

गम्भीर घाइते जुद्धबहादुरको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ भने अन्य घाइतेहरूको जिल्ला सामुदायिक अस्पतालमा उपचार भइरहेको छ ।

पीडित परिवारलाई शुक्रबार जिल्ला विपत् व्यवस्थापन समितिका संयोजक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माको टोलीले ५० हजार रुपैयाँ सहयोग प्रदान गरिसकेको छ ।

## बढाइयो....

पुगेको छ । कूल संक्रमित मध्ये ७५६ महिला र सात हजार ८४९ पुरुष रहेको मन्त्रालयका प्रवक्ता प्राडा जागेश्वर गौतमले शनिबार आयोजित नियमित पत्रकार सम्मेलनमा जानकारी दिए । पछिल्लो २४ घण्टामा कोभिड-१९ बाट कसैको पनि मृत्यु नभएको मन्त्रालयले जनाएको छ ।

**एनआरएनएको सहयोग**

गैरआवासीय नेपाली संघ (एनआरएनए) कोरिया शाखाले सुदूरपश्चिम प्रदेशका लागि शनिबार पिसीआर किट हस्तान्तरण गरेको छ । एनआरएन कोरिया शाखाका कार्यकारी निर्देशक राजेश रानाले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टमार्फत दुई हजार ५०० थान पिसीआर किट हस्तान्तरण गरे ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा उक्त किट मन्त्री भट्टलाई स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहको उपस्थितिमा हस्तान्तरण गरिएको जनाइएको छ ।

मन्त्री भट्टले सरकारीस्तरबाट भइरहेका काममा एनआरएनए र नीजि क्षेत्रलगायतबाट भइरहेको सहयोगले कोभिड-१९ नियन्त्रणमा सजिलो हुने बताए । कोभिड-१९ को महामारीपछि भारतमा रहेका झण्डै चार लाख नेपाली सुदूरपश्चिम प्रदेशमा भित्रिएको बताइएको छ ।

## संख्या ...

स्वयं सरकारले मलेसिया रोजगारी बन्द गरेको र चालु आर्थिक वर्ष कोरोना माहामारीका कारण सयको बाध्यात्कम संख्या नपुऱ्याउने संख्या ५ सय १२ रहेको विषय वैदेशिक रोजगार विभाग र व्यवसायीहरुबीचमात्र सिमित नरही प्रतिनिधिसभामा समेत गुन्जयमान हुन पुग्यो ।

कोरोना भाइरस संक्रमण नेपालमा र नेपाली कामदार जाने मुलुकमा कहिलेसम्म रहने हो एकिन छैन । संक्रमणको अवस्था यो वर्षभरि रहेर वैदेशिक रोजगारमा कामदार उड्न नपाए आगामी वर्ष ईजाजतपत्र नवीकरण गराउनेका लागि कानूनले बाध्यात्मक बनाएको सयको संख्या पुऱ्याउने व्यवसायी कति होलान् ? यो प्रश्न अहिले गम्भीर रुपमा उठेको छ ।

भाइरसको उत्पत्तिस्थल चीनमा संक्रमण ८ महिनादेखि रहेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको सार्वजनिक अभिव्यक्तिलाई मान्ने हो भने नेपालमा संक्रमण आगामी फागुनसम्म रहने छ । फागुनसम्म कोरोना संक्रमण रहे वैदेशिक रोजगार कहिले खुल्ने र व्यवसायीहरुले तोकिएको संख्या कहिले पुऱ्याउने ? यो अर्को प्रश्न पनि जीवित नै देखिएको छ ।

गत आर्थिक वर्ष र चालु आर्थिक वर्ष सय जना कामदार पठाउन नसकेका व्यवसायी बढी चिन्तित रहेका छन् । संख्या सय पुऱ्याएका व्यवसायीहरु 'विजेता सरह ढुक्क' देखिएका छन् तर अर्को वर्ष सबैका लागि समस्या एउटै हुने छ । संख्याको प्रावधान ऐनमा र नियमावलीमा रहे त्यसको धरापमा जो कोही पर्ने निश्चत छ, त्यसका लागि अहिलेबाट नै पहल शुरु गरिहाल्ने कि ? संख्या सय सधैं व्यवसायको घाँटीमा झुण्डिएको तरवार हुने छ ।

## संघमाथि...

हटाउन गत चैत १६ गते मन्त्रिपरिषद्ले गरेको निर्णय कार्यान्वयन गरिनु पर्नेलगायतका व्यवस्था सिफारिश गरेको संयोजक पाण्डेले बताए ।

समितिमा व्यवसायीहरु राजेन्द्र भण्डारी, हेमन्त जोशी, गोविन्द कटुवाल, भिष्म शर्मा शिवाकोटी, हरिप्रसाद थापा, श्याम खरेल, जे.वि. शाही, हरिश कुँवर, आर.सि. गिरी, कुन्छा दोर्जे लामा सदस्य रहेका थिए । कुँवरलाई सदस्य सचिवको जिम्मेवारी दिइएको थियो ।

संयोजक पाण्डेले लकडाउनकाबीचमा पनि समितिका सदस्यहरुको जागरुकता र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, पूर्व प्रधानमन्त्री तथा नेताहरुले समस्या समाधानमा दिएको चासोले समितिलाई समस्या समाधानको वातावरण बनाउन सफलता मिलेको बताए ।

केही दिनअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले समितिका संयोजक पाण्डेलगायतको पहल तथा सत्तारुढ दलका नेताहरुको दवाबमा एक सय जना कामदार पठाउन नपाएका व्यवसायीहरुको ईजाजतपत्र नवीकरणका हुने व्यवस्थाका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाएको बताएका थिए । सोही अनुसार निर्णय गरिसकेको बताइएपनि शनिवारसम्म मीन्त्रपरिषद्को निर्णय सार्वजनिक हुन सकेको छैन ।

पत्रकार सम्मेलनमा संयोजक पाण्डेले भने, 'करिब तीन महिनाको मेहनतपछि ऐन र नियमावलीमा रहेको प्रावधानले भण्डै खारेज हुनुपर्ने अवस्थामा पुगेका ५ सय १३ वटा वैदेशिक रोजगार कम्पनीमा सजाइएका साइनबोर्ड फुकाल्नु नपर्ने दृढ आशा पलाएको छ । समस्याको समाधान हुन्छ ।'

नेपालको कुल गार्हस्थ उत्पादनको झण्डै एक तिहाई हिस्सा वैदेशिक रोजगारबाट आउने विप्रेषणबाट प्राप्त हुने यथार्थतालाई राजनीतिक दल, राजनीतिक विश्लेषक, अर्थविद्, नेपाल सरकारका निकाय र नागरिक समाज सबैले स्वीकार गरेपनि वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित गर्न नसकेको उल्लेख गर्दै प्रतिवेदनमा तत्कालका लागि संख्या सय समस्याको समाधान भएपनि कोभिड महामारीका कारण फर्कन सक्ने ठुलो संख्याका कामदार, उनीहरुको गुनासो तथा रोजगारीको व्यवस्थापन गर्नुपर्ने औंल्याइएको छ ।

त्यस्तै कोभिडका कारण समस्यामा रहेका व्यवसायीलाई पाँच प्रतिशत व्याजमा पुनःकर्जाको राहत, अन्तर्राष्ट्रिय अभ्यासका आधारमा न्यूनतम एक महिनाको तलब बराबरको सेवा शुल्क निर्धारण, एकै परिवारका सदस्यहरुले अभिमुखीकरण तालिमलगायतका सेवा सञ्चालन गर्न लगाइएको प्रतिवन्धको खारेजी, रोजगार करारका आधारमा अन्तिम स्वीकृति दिनुपर्ने जस्ता विषयमा सरकारको ध्यान पुग्नुपर्ने पनि प्रतिवेदन मार्फत माग गरिएको छ ।

प्रतिवेदन ग्रहण गर्दै मञ्चका संयोजक भान्तनाले समस्या समाधानका लागि वैदेशिक रोजगार व्यवसायीहरुको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पहल र नेतृत्व लिन नसकेपछि मञ्चले समिति गठन गरेको उल्लेख गर्दै वैदेशिक रोजगार व्यवसायका समस्याहरुको दीर्घकालीन समाधानका लागि संघले नै पहल गर्नु आवश्यक रहेको बताए ।

उनले पहलकदमी लिन नसके संघको नेतृत्वले मञ्चसँग सहकार्यका लागि एकै ठाउँ आउन हिचकिचाउन नहुने भनाइ समेत राखे । त्यसअवसरमा संयोजक भान्तनाले वैदेशिक रोजगारीबाट फर्किनुपर्ने अवस्थामारहेकाकामदारकोप्राथमिकतामा सरकारले ध्यान पुऱ्याउनुपर्नेमा जोड दिए । रमाइलो गर्न भिजिट भिसामा गएका नेपालीहरुलाई फर्काउने विषयमा प्राथमिकता दिने तर कल्याणकारी कोषमा योगदान गरेर गएका कामदारहरुलाई पछाडि पार्ने प्रवृत्ति रोकिनुपर्ने भन्दै संयोजक भान्तनाले कोभिड-१९ पछिको वैदेशिक रोजगार व्यवसायीहरुको अवस्थाबारे सरकार र व्यवसायी दुवै तर्फबाट अध्ययन गरिनुपर्नेमा जोड दिए ।

मञ्चका संस्थापक अध्यक्ष सरोज पोखरेलले प्रधानमन्त्री केपी शर्मा ओलीले कोभिड-१९ को प्रभाव आगामी फागुनसम्म रहने भनी दिएको अभिव्यक्तिले स्थितिको गाम्भीर्यता स्पष्ट गरेको भन्दै समितिले दिएको प्रतिवेदन महत्वपूर्ण रहेको बताए ।

वैदेशिक रोजगार क्षेत्रलाई सम्बोधन गर्ने सवालमा सरकारी नीति 'हलो अड्काउने र गोरु चुट्ने' शैलीको अव्यहारिक रहेको भन्दै व्यवसायीहरुको छाता संस्था नेपाल वेदेशिक रोजगार व्यवसायी संघले उचित भूमिकाका आधारमा अव्यवहारिक सरकारी नीतिको प्रतिवाद गर्नुपर्नेमा त्यसो गर्न नसेकोको भन्दै संघ नेतृत्वको आलोचना गरे ।

उनले भने, 'संघ छाता संगठन हो तर उसले सिन्कोसम्म पनि भाँच्न सकेन । मञ्चले काम गरेपछि त्यसको जस लिन अमुक माननीयले प्रधानमन्त्रीसँग आगह गर्नुभयो भन्दै फेसबुकमा फोटो राख्न हतार गर्ने अवस्था देखियो, यो असक्षमता र लाज छोप्ने प्रयासबाहेक अरु केही होइन । व्यवसायीका हितका लागि सरकारसँग बार्गेनिङ गर्न संघ खोलिएको हो कसैलाई नेता बनाउन स्थापना भएको होइन, संघको कार्यशैलीको जति निन्दा गरेपनि कम नै हुन्छ ।'

पोखरेलले कोरोना समस्याको समाधान गर्न राहतलगायतका काममा कुनै काम नगरेको आरोप लगाउँदै संघ नेतृत्वको आलोचना गरे । उनले भने, 'राष्ट्रलाई समस्या पर्दा साथ दिन कुनै पनि भूमिका खेल्न नसक्ने संस्थाले आफुलाई समस्या पर्दा समाधन खोज्ने नैतिक अधिकार पनि राख्दैन, संघले राहत पुऱ्याउने योजना बनाओस् भनेर आग्रह गऱ्यौं तर संघ सुतेर बसेपछि मञ्चले वरिष्ठ व्यवसायी हेम गुरुङको संयोजकत्वमा आर्थिक समिति गठन गरेका छौं, हाल ह्वाटएप्स लगायतका सामाजिक सञ्जालमा भ्रम फैलाउने प्रयास भएपनि भ्रममा नपरी राहत संकलन गर्नुपर्छ ।' मञ्चद्वारा गठित आर्थिक समितिका संयोजक गुरुङले व्यवसायहरुलाई सामाजिक उत्तरदायित्वको भावनालाई आत्मसात गर्दै कोषमा रकम योगदान गर्न आग्रह गरे । संयोजक गुरुङले आगामी बुधबारसम्म संकलित रकम नेपाल सरकारको कोषमा जम्मा गर्ने योजना रहेको भन्दै सकेसम्म छिटो रकम जम्मा गरिदिन समेत आग्रह गरे । उनले हाल देखापरेको संख्या सयको समस्या ५ सय १२ वटा व्यवसायीहरुका लागि मात्र नभई भविष्यका दिनमा सबै व्यवसायीहरुका लागि आउन सक्ने समस्या देखिएको भन्दै व्यवसायीहरु संघमार्फत समस्याको समाधान गर्न सामूहिक रुपमा अघि बढ्नु अनिवार्य रहेको बताए । व्यवसायी एकता नभएसम्म व्यवसायीहरुले समस्याको समाधन पाउन नसक्ने विषयमा ध्यान दिन व्यवसायी गुरुङले आग्रह समेत गरे । समितिका सदस्य सचिव कुँवरले सञ्चालन गरेको कार्यक्रममा मञ्चका सहसंयोजक राजेन्द्र भण्डारीले स्वागत मन्तव्य राखेका थिए ।

**सयको समस्या समाधान गर्न जनता समाजवादीको माग**

जनता समाजवादी पार्टीले वैदेशिक रोजगारीमा गएका कामदार र वैदेशिक रोजगार व्यवसायीहरुको मर्म र गुनासोप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । पार्टीका केन्द्रीय कार्यकारीणी समितिका तर्फबाट प्रकाश अधिकारीले शुक्रवार एक विज्ञप्ति जारी गर्दै वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने बाध्यकारी अवस्थाले वैदेशिक रोजगार व्यवसायीहरुको ईजाजतपत्र नवीकरणमा उत्पन्न समस्या हटाउन समेत माग गरेका छन् ।

विज्ञप्तिमा अधिकारीले निजी क्षेत्रले व्यवसाय गर्न पाउने स्वतन्त्रताको सुनिश्चितता कायम गर्न नेपाल सरकार र सम्बन्धित निकायको ध्यानकर्षण समेत गराएका छन् ।

**संघको नेतृत्वमा राहत संकलन गर्न एसोसिएसनको माग**

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा कोरोना राहत संकलन गर्नु उचित हुने बताएको छ । एसोसिएसनका महासचिव भवानी निरौलाले हाल प्रचारमा ल्याइएको वैदेशिक रोजगार व्यवसायीको कोरोना राहत कोषको संरचना संस्थागत नभई व्यक्तिगत प्रकृति रहेको भन्दै आम व्यवसायीको अपनत्व महशुस हुने गरी स्थापना गरिने कोषमा मात्र व्यवसायीहरुले स्वःस्फुर्त रुपमा रकम संकलन गर्नुपर्ने बताए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गत निर्वाचनमा सबैखाले विचार बोक्ने पक्षले प्रतिस्पर्धा गरेको अवस्थामा संघमा फरक विचार बोक्ने व्यव्यवसायीहरुको नेतृत्व स्थापित भएपछि संघको गरिमा र प्रतिष्ठामा आँच आउने गरी कुनैपनि पक्षबाट काम गर्न नहुने एसोसिएसनको आग्रह समेत रहेको महासचिव निरौलाले बताए ।

यस्तै एशोसिएसनका सल्लाहकार कृष्ण पौडेलले व्यवसायीहरुले चुनेको छाता संगठन जीवन्त र कृयाशील हुँदा हुँदै आम व्यवसायीले कहीँ कतै नचुनेका व्यक्तिलाई कुनै पार्टी या कुनै संस्थाका निर्देशनमा व्यवसायीबाट आर्थिक गतिविधि गर्न/गराउन गैरकानूनी हुने बताए ।

## श्रम...

हुने महानिर्देशक दाहालले मध्यान्ह दैनिकलाई बताए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले लकडाउन र अन्तर ष्ट्रिय उडान प्रतिवन्धका कारण रोजगारदाताले भिसा दिई वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त गरेका १ लाख १५ हजार कामदार विदेश जान नपाएको र पूर्व स्वीकृति प्राप्त गरेका ३ लाख २८ हजार ६ सय ८१ जना कामदारको अन्तिम श्रम स्वीकृति हुन नसकेको बताएको छ ।

नेपाली कामदारहरुका लागि भिसा पठाएका साउदी अरब, युएई, ओमान, कुवेत, मलेसिया कतारलगायतले लकडाउन खुला गरी कडा सुरक्षाकाबीच औद्योगिक उत्पादन शुरु गरेका छन् । रोजगारदाता मुलुकमा जनजीवन सहज भएको अवस्थामा नेपालमा कोरोना संक्रमण देखाउँदै श्रम स्विकृति बन्द गरेर बस्नु बुद्धिमानी नहुने कतिपय वैदेशिक रोजगार व्यवसायीहरुको टिप्पणी छ ।

## बेसार...

आफैं पश्चातापमा पर्नेछन्", मन्त्री ढकालले भने ।

सरकारले कन्ट्याक्ट ट्रेसिङका लागि कूल तीन हजार २२५ जनाको जनशक्ति टोली तयार पारिरहेको मन्त्री ढकालले बताए । मन्त्रालयका सचिव लक्ष्मण अर्यालका अनुसार, मन्त्रिपरिषद्बाट स्वीकृत विधिअनुसार यस जनशक्तिको हाल कायम रहेको दुई तिहाइ स्वास्थ्य जनशक्ति र बाँकी जनशक्तिमा नयाँ भर्ना गरिनेछ । कुनै संक्रमितको नजिकको कुन कुन व्यक्तिको सम्पर्क भएको थियो र तिनीहरुमा संक्रमण छ वा छैन भनेर गरिने खोज कन्ट्याक्ट ट्रेसिङ हो ।

मन्त्रालयका सचिव अर्यालले परीक्षणको दायरा बढाउन थप पाँच ठाउँमा पिसिआर मेशिन जडान गरी प्रयोगशाला स्थापना गर्न थालिएको बताए । उनका अनुसार नेपाली सेनाको अस्पताल, नेपाल प्रहरीको अस्पताल, सशस्त्र प्रहरीको अस्पतालका साथै दैलेख र डडेल्धुरामा प्रयोगशाला थपिनेछ ।

"अहिले रहेका प्रयोगशालाको स्तरवृद्धि र नयाँ थप पाँच प्रयोगशाला स्थापना गरेपछि हामीले दैनिक १० हजारको दरमा परीक्षण गर्न सक्छौं । स्थानीय तहपिच्छे पिसिआर मेशिन खरिद गर्न आवश्यक छैन", उनले भने ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा रुणा झाले अहिले धेरै नमूना सङ्कलन गरिएकाले रिपोर्ट आउन ढिलाइ भएको स्वीकार्दै अबको एक हप्तामा सङ्कलन गरिएका सबै नमूना परीक्षण गरिसक्ने बताए ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले कोभिड-१९ का लागि आवश्यक स्वास्थ्य सामग्री पर्याप्त रहेको जनाउँदै व्यक्तिगत सुरक्षा सामग्री (पिपिई), एन ९५ मास्क र सर्जिकल मास्क एक महिनाका लागि सञ्चित रहेको जनाउँदै संक्रमितको सङ्ख्या हेरेर खरिदको प्रक्रिया जारी रहने बताए ।

# नेपाली फुटबल टिमले साउनदेखि प्रशिक्षण थाल्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असार

कोरोना भाइरसको महामारीका कारण स्थगित भएको नेपाली फुटबल टिमको प्रशिक्षण साउन पहिलो सातादेखि शुरुहुने भएको छ।

नेपाली राष्ट्रिय फुटबल टिमले भिडियो कन्फरेन्समार्फत फिफा विश्वकप २०२२ र एएफसी एसियन कप २०२३ को तयारीको विषयमा छलफल भएको थियो। उक्त छलफलमा साउन पहिलो सातादेखि अभ्यास शुरु गर्ने बताइएको छ।

छलफलमा नेपाली टिमका खेलाडीहरूसहित प्रशिक्षक योहान कालिन, अध्यक्ष कर्माछिरिङ शेर्पा लगायत अफिसियलको सहभागीता थियो। प्रशिक्षक कालिन भने यसअघि नै छुट्टीमा स्विडेन गएका थिए।



फिफा र डब्लूएचओ गाइडलाइन्समा आधारित रहेर तयारी थाल्ने एन्फाले जनाएको छ। यसअघि कोरोना भाइरसका कारण स्थगित भएको छनोट खेलहरू आगामी अक्टोबर र नोभेम्बरमा गराउने एसियाली फुटबल महासंघ (एएफसी) ले प्रस्ताव गरेको थियो। स्थगित भएका ती खेलहरू आगामी अक्टोबर ८ र १३ तथा नोभेम्बर १२ र १७ मा गर्न प्रस्ताव छ। दोस्रो चरणको छनोटमा 'चार म्याच डे' का खेल बाँकी भए पनि नेपालले भने तीन खेल खेल्न बाँकी छ। तीन वटै खेल नेपालले घरेलु मैदानमा खेल्नेछ।

प्रस्ताव गरेको नयाँ मितिलाई फिफाले अनुमती दिए नेपालले अक्टोबर ८ मा चाइनिज ताइपेई, अक्टोबर १३ मा अस्ट्रेलिया र नोभेम्बर १२ मा जोर्डनसँग खेल्नेछ। सबै खेल दशरथ रंगशाला हुनेछ।छनोट खेलअन्तर्गत समूहमा पाँच खेल खेलेको नेपालले तीन अंक मात्र जोडेको छ। चाइनिज ताइपेइलाई पराजित गरेको नेपाल समूह बीमा चौथो स्थानमा छ।

# कास्की तेक्वान्दो संघद्वारा राहत वितरण




**पोखरा, रासस-** कास्की जिल्ला तेक्वान्दो संघले आफ्ना मातहातका डोजाङ प्रमुखलाई राहत संगै कास्की जिल्ला तेक्वान्दो संघका पदाधिकारी तथा सल्लाहाकारहरुलाई कोभिड १९ विमा गरेको छ।

कोभिड १९ महामारीका कारण करिव तिन महिना देखि अवरुद्ध बनेका पोखराका १४ तेक्वान्दो डोजाङ प्रमुखहरुलाई राहत स्वरुप नगद १० हजार प्रदान गरेको हो भने २० जनालाई १ लाख बरावरको कोरोना विमा समेत गरेको छ। त्यसै गरि हालै सम्पन्न अन्तर्राष्ट्रिय भर्चुअल पुम्सेमा काश्य पदक जित्ने रेख माया गुरुङलाई प्रोत्सहान स्वरुप नगद १० हजार प्रदान गरेको छ।

सो अवसरमा पोखरा महानगरपालिकाका प्रमुख मान बहादुर जिशीले अवको खेलकुद निर्वाहमुखी नभई व्यवसायीमुखी खेलकुद हुनुपर्नेमा जोड दिएका छन्।

अव आयोजना हुने खेलकुदहरु वार्षिक क्यालेण्डर सहित अघि वढ्नुपर्नेमा उनले जोड दिंदै भने- 'खेलकुदको विकासको लागि एकिकृत कोष आवश्यक छ, राज्यले दिने पनि त्यसैमा आओस वा निजी क्षेत्रको पनि कोषमा नै आओस, त्यसो गरेको खण्डमा खेलकुद विकासमा नयाँ आयाम थपिने र व्यवस्थित गर्न सकिन्छ।' उनले कोषको निश्चित मापदण्ड तयार गरेर अघि बढ्ने बताउँदै त्यसको सुरुवात पोखरा महानगरले गर्ने उल्लेख गरे। खेलकुदले पनि पर्यटन प्रवधर्न गर्ने भएकोले पर्यटनबाट आउने केही स्रोत पनि उक्त कोषमा आउने वातावरण बनाउनुपर्ने उनको भनाइ थियो।

अग्रजहरुले लामो समय देखि खेलकुदको राम्रो पूर्वाधार बनोस भन्ने तिव्र चाहना रहे संगै पोखरामा खेलकुदका पूर्वाधारहरु निर्माण भएको बताउँदै प्रमुख जिशीले भने- 'निर्माण भएका पुर्वाधारको व्यवस्थापन र संरक्षणको आवश्यक्ता छ', उनले थपे-'यसको संचालनका निकै ठुलो चुनौती समेत छ, भावी पुस्ताका लागि समेत यसको संरक्षण गर्नुपर्छ भोली माल पाएर चाल नपाए जस्तो नहोस।' कोरोनाका कारण धेरै क्षेत्रले समस्या भोगेको बताउँदै प्रमुख जिशीले यो वन्दा वन्दीको समयमा पोखरा महानगरले १५ अर्वको नोक्सानी व्यहोरेको प्रमुख जिशीले बताए। पोखराको पर्यटनले ६ अर्वको नोक्सानी व्यहोरेको बताउँदै एउटा नगरपालिकाले यती ठुलो नोक्सानी व्योहर्नु निकै चुनौतीपूर्ण रहेको उनले बताए।

## भारत-चीन सिमा विवादको असर क्रिकेटमा !

**नयाँदिल्ली, एजेन्सी-** भारत र चीनको सिमाको विवादको असर यतिबेला भारतमा नराम्रोसँग परेको छ। भारतमा यतिबेला चीनीया कुनैपनि चिजको प्रयोगमा प्रतिबन्ध लगाउने अभियान नै चलाएको छ। यस्तैमा भारतीय क्रिकेट कन्ट्रोल बोर्डले आईपीएल प्रायोजका रुपमा रहेको चीनीया कम्पनी भिभोको रिभ्यु गर्ने भएको छ।

बोर्डले शुक्रबार गरेको ट्विटमा लद्दाखमा चिनियाँ सेनासँगको हिंसात्मक भिडन्तमा हाम्रा सैनिक शहीद भएको र यस विषयलाई ध्यानमा राख्दै आईपीएलको नियामक काउन्सिलले प्रायोजन सम्झौताको समीक्षा गर्न अर्को साता बैठक बोलाएको भनेर लेखिएको छ। बैठकमा चिनियाँ कम्पनी भिभोसँग गरिएको सम्झौताको बारेमा निर्णय हुनेछ। आईपीएलको मुख्य प्रायोजक भिभोले बीसीसीआईसँग सन् २०२२ सम्मका लागि ५ वर्षको सम्झौता गरेको छ।

जसअन्तर्गत भिभोले बीसीसीआईलाई वार्षिक ४४० करोड भारतिय रुपैयाँ दिँदै आएको छ। यस बैठकमा २०२२ सम्म भीभोसँग सम्झौता गर्ने कि नगर्ने वा वर्तमान परिस्थितिमा सम्झौता रद्द गर्ने भन्नेमा निर्णय हुनेछ।

शुक्रबारमात्र बीसीसीआईका कोषाध्यक्ष अरुण धुमलका अनुसार भिभोसँगको सम्झौता २०२२ सम्म रहेको र त्यसपछि मात्र सो कम्पनीसँगको सम्झौता रिभ्यु गर्ने बताए।

टेलिकम कम्पनी बीएसएनलएलले फोरजी अपग्रेड गर्नका लागि चीनीया उत्पादनहरुलाई प्रतिबन्ध लगाउने निर्णय गरेको छ। रेल सेवामा पनि चीनीया उत्पादनसँगको चार सय ७१ करोड भारतीय रुपैयाँको सम्झौता रद्द गर्ने बताइसकेको छ।

# ब्राजिलमा कोभिड-१९ सङ्ख्या १० लाख बढी



**ब्रासिलिया, एएनआई-** ब्राजिलमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या १० लाखभन्दा बढी पुगेको स्वास्थ्य मन्त्रालयले शनिबार जानकारी गराएको छ।

मन्त्रालयका अनुसार विगत २४ घण्टामा ब्राजिलमा कोभिड-१९ सङ्क्रमण पुष्टि हुनेको सङ्ख्या ५४ हजार ७७१ पुगेको छ भने यो अवधिमा करिब एक हजार छ जनाको मृत्यु भएको छ।

अहिलेसम्म ब्राजिलमा मृत्यु हुनेको सङ्ख्या ४८ हजार ९५४ पुगेको छ। ब्राजिलमा उपचारपछि निको हुने कोरोनाभाइरस सङ्क्रमितको सङ्ख्या पाँच लाख सात हजार करिब ५० प्रतिशत पुगेको मन्त्रालयले जानकारी गराएको छ। यसैबीच, ब्राजिलमा कोभिड सङ्क्रमित र मृत्यु हुनेको सङ्ख्या अत्यधिक भएपछि पूर्व स्वास्थ्यमन्त्री लुइज हेनरिक म्यानडेटाले विज्ञानको नियम र अन्तर्राष्ट्रिय अभ्यास अनुसार देशमा बन्दाबन्दीको तयारी गरिरहेका समयमा उनलाई पदबाट हटाइएको बताएका छन्।

राष्ट्रपति जाइर बोल्सेनारोले चिकित्सकसमेत रहेका ५५-वर्षीय स्वास्थ्यमन्त्रीसँग विवाद बढेपछि गत अप्रिलमा पदबाट हटाएका थिए। राष्ट्रपतिको यो कदमलाई तत्कालिन स्वास्थ्यमन्त्रीले भाइरससँगको लडाइँमा राष्ट्रपतिको प्रतिक्रियालाई अनियन्त्रित उत्तेजनाको संज्ञा दिएका थिए। अहिलेसम्म ब्राजिल कोभिड-१९ का कारण विश्वको दोस्रो धेरै सङ्क्रमित र मृत्यु हुने मुलुक बनेको छ। शनिबारसम्ममा अमेरिकामा सबैभन्दा बढी २२ लाख ९७ हजार सङ्क्रमित र एक लाख २१ हजार १०७ जनाको मृत्यु भएको छ। राष्ट्रपति बोल्सोनारोले म्यानडेटालाई हटाएपछि अर्का एक चिकित्सकलाई जिम्मेवारी दिएका थिए तर उनले पनि एक महिनामा नै पदबाट राजिनामा दिएका थिए। त्यसपछि स्वास्थ्य क्षेत्रको अनुभव नभएका सैनिक जनरल एड्वार्डो पाजुएलोलाई स्वास्थ्यमन्त्रीमा नियुक्त गरेका थिए। स्वास्थ्यमन्त्रीका रूपमा ख्यातिप्राप्त म्यानडेटाले एएफपीसँगको अन्तवार्तामा भने, पाजुएलोको स्वास्थ्य क्षेत्रको ज्ञान नहुँदा उनले विभिन्न २० सैनिकलाई स्वास्थ्य क्षेत्रका उच्च पदमा नियुक्त गरी आफ्नो उपस्थितिलाई बलियो बनाउने कोशिस भएपनि उनको र उनीद्वारा नेतृत्व भएको स्वास्थ्यमन्त्रालयप्रति जनताको विश्वास गुमेको छ।

जसरी हामी चिकित्सकहरूलाई युद्धको जानकारी हुँदैन त्यसैगरी सैनिक जनरलले स्वास्थ्य क्षेत्रको यथेस्ठ ज्ञान नहुनु स्वभाविक हो। तर इतिहास नै यसबारे न्यायाधीश बन्नेछ। कोरोनाभाइरस सङ्क्रमित विरामीले वास्तविक कथा बताउनेछन्। यदि उनीहरूका भनाइलाई जस्ताको तस्तै प्रकाशित गरियो भने।

पद्धतिलाई परिवर्तन गर्दा जनताको विश्वास टुट्छ। अन्तिममा तपाईंले जुन कुरा गर्न चाहेपनि त्यतिबेलासम्म मन्त्रालयको विश्वसनियता गुमिसक्छ। किनभने विश्वसनियता नै तपाईलाई अख्तियार दिने हो। तर दुर्भाग्यको कुरा उनीहरू (सरकारी अधिकारी) ले तथ्याङ्क, पारदर्शिता नदेखाउँदा उनीहरूले विश्वसनियता गुमाएका छन्। ब्राजिलका विरामीका लागि हाइड्रोक्लोरोक्वीनको प्रयोग गलत भएको दावी गर्दै उनले भने, "हाइड्रोक्लोरोक्विनका प्रयोग यसको प्रयोगबारे वैज्ञानिक आधार पुष्टि भएपछि मात्रै गरौं भन्ने आफ्नो तर्क सैनिक पृष्ठभूमिबाट आएका राष्ट्रपति र स्वास्थ्यमन्त्रीका कारण असम्भव भयो। अहिले यसको प्रयोगबाट समस्या हुने देखिएपछि रोक्ने निर्णय गर्नुभन्दा पहिल्यै सावधानी अपनाउनु राम्रो हुने थियो। उहाँहरूले नागरिकको स्वास्थ्यका लागि स्वास्थ्य विज्ञानको सट्टा राजनीतिशास्त्र र सैन्यशास्त्र प्रयोग गर्दा नागरिकको मन्त्रालयप्रतिको विश्वास गुमेको छ।"

के ब्राजिलले बन्दाबन्दीलाई महामारी नियन्त्रणको उपायका रूपमा लिन्छ त भन्ने प्रश्नमा उनले भने, "यो सैनिकले अड्डा जमाएको मन्त्रालय भएको छ। दुभाग्यको कुरा स्वास्थ्यमन्त्रालयले स्वास्थ्यसम्बन्धी व्यवस्थापनमा चुकेको छ। अब ढिलो भयो देशमा आर्थिक तथा स्थानीय निर्वाचनको दवाव रहेको छ। अब बन्दाबन्दी गर्न कठिन छ। यो उपाय सुरूमै गर्न सकेको भए यति ठूलो स्वास्थ्य सङ्कट निम्तिने थिएन कि।" "देशमा विभिन्न विचारहरू रहेका छन् के हुन्छ हेरौं भोलिका दिनमा थाहा होला," उनले थपे।


**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/११/०६ गते बेलुका ५:३० बजे तारकेश्वर नपा, लामबगर, काठमाडौंबाट प्रदेश नं. ३-०२-००३ प ८३११ नम्बरको रातो र कालो १५० CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु हुन अनुरोध गर्दछु।

**सवारी धनी** : प्रकाश कार्की
**ठेगाना** : कविलास-२, नुवाकोट
**च्यासिस नं**: MD2PHC18JPE03092
**इन्जीन नं** : DHYRJE36923
**सम्पर्क** : ९८५१०४५२४६

**Government of Nepal (GoN)**
**Rishing Rural Municipality**
**Office of Municipal Executive**
**Tanahun, Gandaki Province Nepal**
**Rishing,Tanahun**

**Invitation for Sealed Quotation for the procurement of Computers and Accessories for Office**

**Sealed Quotation No:07/RRM/TANAHUN/QUO/GOODS/2076/77**
**Date of first Publication: 01-06-2020, Date of second Publication: 21-06-2020**

1. The Rishing Rural Municipal Office invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of Computers and Accessoriess for Office.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rishing Rural Municipal Office,Tanahun, 9856063685, cpoudelf2@gmail.com and may visit www.bolpatra.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the office Rishing Rural Municipal Office by eligible Bidders on the submission
of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.00 till 05-07-2020 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
Name of the Bank: Kumari Bank Limited.
Name of Office:Rishing Rural Municipal Office Office Account no.: Ga 4 1-0830034554100003
5. Sealed bids must be submitted to the office Rishing Rural Municipal Office, Tanahun by hand or through www.bopatra.gov.np/egp on or before 12:00 on 06-07-2020. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 06-07-2020 14:00 at the office of Rishing-7, Tanahun. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.25000 which shall be valid for 30 days beyond the validity period of the bid [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.Ga 3- 0830034554100004 at Kumari Bank Ltd., Rishing, Tanahun and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रकाशित मिति २०७७/०३/०७

श्री सरस्वतीमा.बि सन्दकपुर गा.पा.-३ इलाममा शिक्षा विभागबाट प्राविधिक कार्यक्रमतर्फको प्रयोगशालाको सामग्री खरिद गर्नु पर्ने भएकोले इच्छुक फर्महरुले आफ्नो दरभाउ सहितको दररेट पेश गर्नु हुन अनुरोध गरिन्छ।

**नोट : दररेट पेश गर्ने अवधि प्रकाशित मितिदेखि एक हप्ता।**

**सम्पर्क :**
**श्री सरस्वती मा.बि सन्दकपुर गा.पा.-३, सुलुवुङ्ग, इलाम**
**प्रधानाध्यापक :-दिवाकर रिजाल ९८४२७४४८७१**
Email :- drijaL101@gmail.com

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभाग**

**नाम परिवर्तन भएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **श्री सूमन ह्युमन रिसोर्सेज कन्सल्ट्याण्टस नेपाल प्रा.लि. (ई.प्र.नं. ८०१)** ले आफ्नो साविकको नाम परिवर्तन गरी **स्वीफ्ट एच.आर. ग्रुप एण्ड म्यानेजमेन्ट सर्भिस प्रा. लि.** राख्नको लागि माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम नाम परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा नवीकरण शाखामा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**

**प्रारम्भिक वाताबरणीय परीक्षण (Initial Environmental Examination-IEE)अध्ययन गर्ने बारे सार्वजनिक सुचना**

प्रथम पटक प्रकाशित मिति : २०७७/०३/०७

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखराले कावासोती नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा प्रदेश स्तरिय औधोगिक क्षेत्रस्थापनाको लागि प्रस्ताब गरेको छ। यस प्रस्ताब कावासोती नगरपालिका -१, लौकहामा अवस्थित हुनेछ। यस प्रस्ताबबाट कावासोती नगरपालिका वडा -१ प्रभावित हुनेछ। यस प्रस्ताब कार्यन्वयन गर्नु अघि यस प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination-IEE) अध्ययन गर्ने शिलशिलामा प्रस्ताव कार्यन्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक, जैविक, रसायनिक, साँस्कृतिक र आर्थिक तथा सामाजिक प्रणाली र यिनका अवयवहरुको अन्तरर्किया तथा अन्तरसम्वन्धमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्ताव प्रभावित क्षेत्रमा पर्ने नगरपालिका, वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्थास्थ्य चौकि तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन वातावरण संरक्षण नियमवालि २०५४ (पछिल्लो शंसोधन)को नियम ७ उपनियम २ बमोजिम यो सुचना प्रकाशित गरिएकाले, यो सुचना प्रकाशित मितिले पन्ध्र (१५) दिन भित्र निम्न ठेगनामा आइपुग्ने गरि राय सुझाव उपलव्ध गराईदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझाव पठाउने ठेगाना**
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन : ०६१-४६७६५४, ४६७६६९, ४६७६७०
फ्याक्स : ०६१-४६७६७०
इमेल : moitfe4@gmail.com

# सेयर कारोबारको पूँजीगत लाभकरलाई नै अन्तिम करको मान्यता दिने तयारी

मध्यान्ह संवाददाता
काठमाडौं, ६ असार




अब सेयर कारोबारको पूँजीगत लाभकरलार्य नै अन्तिम करको मान्यता दिने तयारी गरिएको छ। यसका लागि अर्थ मन्त्रालयले सेयर कारोबारबाट प्राप्त हुने लाभमा लाग्दै आएको पूँजीगत लाभकरलाई अन्तिम करको मान्यता दिन आन्तरिक राजस्व विभागलाई निर्देशन दिएको छ। पूँजीगत लाभकरको विषयमा भएको केही अस्पष्ट विषयलाई थप स्पष्ट पार्दै सेयर कारोबारबाट प्राप्त हुने लाभमा लाग्दै आएको करलाई नै अन्तिम करको मान्य दिन आन्तरिक राजस्व विभागलाई निर्देशन दिइएको अर्थ मन्त्रालय जानकारी दिएको छ। बजेटमै व्यवस्था भएकाले यसलाई थप स्पष्ट पार्ने अधिकार आन्तरिक राजस्व विभागलाई नै हुने भएपछि मन्त्रालयले पनि थप स्पष्ट पारेर सेयर कारोबारमा लाग्दै आएको करलाई अन्तिम करको मान्यता दिन निर्देशन दिएको हो। यस्तै आन्तरिक राजस्व विभागले पनि अबको केही दिनमै उक्त निर्देशन दिन लागेको बताईएको छ।

लामो समयदेखि लगानीकर्ताले सेयर कारोबारमा लाग्दै आएको पूँजीगत लाभकरलाई नै अन्तिम कर घोषणा गर्न माग गर्दै आएका थिए। पछिल्लो पूँजी बजारमा सिथिलता आएसँगै सरकारले बजेटबाटै सम्बोधन गरेर अर्थमन्त्रालयले पूँजीगत करलाई अन्तिम करको मान्यता दिन आन्तरिक राजस्व विभागलाई निर्देशन दिएको हो। अर्थ मन्त्रालयबाट सेयर कारोबारमा लाग्दै आएको पूँजीगत करलाई नै अन्तिम करको मान्यता दिने निर्णय भैसकेको र विभागले पनि त्यसलाई थप स्पष्ट पारेर सर्कुलर जारी गर्ने समेत जनाएको छ। केही समय अघि धितोपत्र बोर्डले पनि पूँजी बजार सुधारको लागि सेयर कारोबारको लाभमा लाग्दै आएको पूँजीगत करलाई नै अन्तिम करको मान्यता दिन अर्थमन्त्रालयमा पत्राचार गरेको थियो। यसले बजारमा स्थायित्व ल्याउन सहयोग गर्ने भन्दै बोर्डले सेयर बजार खुल्नु अधिनै उक्त व्यवस्था गर्न अर्थ मन्त्रालय समस्या आग्रह गरेको थियो। यस अघि कर कार्यालयलहरुले पूँजीगत लाभकरलाई अन्तिम करको रुपमा मान्यता नदिएका कारण लगानीकर्ताहरुलाई कर चुक्ताको प्रमाणपत्र निकाल्न समस्या भएको थियो भने यसले थप अन्यौलता सिर्जना गरेको थियो। बेलाबेलामा उठ्ने करको विषयले सेयर बजारमा समेत उतारचढाव ल्याउँदै आएको थियो। सेयर बजार बढ्दा नियाकम निकाय वा कर प्रशासनले करको विषय उठाउँदा बजारमा नकारात्मक प्रभाव पर्ने गरेको थियो। तर अब सरकारले नै पूँजीगत करलाई नै अन्तिम करको मान्यता दिएपछि बजारलाई दिगो रुपमा अघि बढाउन थप सहज हुने सम्बद्ध लगानीकर्ताहरु बताउँछन्।

# लगानी बोर्डमार्फत एक खर्ब ८५ अर्ब बढीका सात परियोजना स्वीकृत

मध्यान्ह संवाददाता
काठमाडौं, ६ असार




लगानी बोर्डले रु एक खर्ब ८५ अर्ब ४३ करोड बराबरका सातवटा परियोजनाको लगानी स्वीकृत गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा शुक्रबार सम्पन्न बोर्डको ४४औँ बैठकले पाँचवटा जलविद्युत् परियोजना र दुईवटा सिमेन्ट उद्योगका लागि उक्त रकम बराबरका सात परियोजना स्वीकृत गरेको हो।

बैठकले ३२७ मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी जलविद्युत् परियोजना-२ का लागि रु ७८ अर्ब ६५ करोड, ४२.९ मेगावाटको आँखुखोला जलविद्युत् परियोजनाका लागि रु ६ अर्ब ३० करोड, ९७.२ मेगावाटको इसुवाखोला जलविद्युत्का लागि रु १३ अर्ब ५७ करोड, ५७.३ मेगावाटको म्याग्दी खोला जलविद्युत्का लागि रु १० अर्ब ३१ करोड र १६४ मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजनाका लागि रु २८ अर्ब ६ करोडबराबरको लगानी स्वीकृत गरेको हो।

त्यसैगरी बैठकले दाङ सिमेन्ट इन्डस्ट्रिजका लागि रु ३२ अर्ब ५० करोड र सम्राट सिमेन्ट उद्योगका लागि रु १५ अर्ब ५ करोड बराबरको लगानी स्वीकृत गरेको बोर्डले जनाएको छ।

बाँकेको कोहलपुर र कपिलवस्तुको वाणगङ्गामा सञ्चालन हुने २० मेगावाट स्टोरेज क्षमतासहितको १२५ मेगावाटका दुई छुट्टाछुट्टै सौर्य ऊर्जा परियोजनाको सार्वजनिक-निजी साझेदारीमा विकास तथा सञ्चालनका लागि अध्ययन गर्न राइजेन इनर्जी सिङ्गापुर जेभी पिटिई लिमिटेडलाई सर्वेक्षणको अनुमति पनि बैठकले दिएको छ।

कोभिड-१९ का कारण नेपाल-चीन मैत्री औद्योगिक स्थल, दमक, मुक्तिनाथ केबलकार, मल्टिमोडल लजिस्टिक्स पार्क र प्राइभेट फ्रेट टर्मिनल एण्ड बल्क ह्यान्डलिङ फ्यासिलिटिज् परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन पेश गर्ने समयावधि बैठकले थप गरेको छ।

यस्तै बोर्डले पछिल्लो ३ महिनादेखि रिक्त रहेको प्रमुख कार्यकारी अधिकृत (सीईओ)का लागि समेत आवेदन माग गरेको छ। बोर्डले विभिन्न योग्यता राख्दै पदपुर्तिका लागि शुक्रबार नै उक्त आवेदन माग गरेको हो।

बोर्डको सिइओ हुन अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र, कानुन, इन्जिनियरिङ वा विकाससम्बन्धी विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी परियोजना विकास, सार्वजनिक खरिद, सार्वजनिक-निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैङ्किङ, वित्तीय क्षेत्र तथा औद्योगिक व्यवस्थापनमा १० वर्ष काम गरेको अनुभव हुनुपर्ने उल्लेख छ। यस्तै उक्त पदमा रहेका महाप्रसाद अधिकारी आफ्नो कार्यकाल नसकिदै राष्ट्र बैंकको गभर्नरमा नियुक्त भएका थिए। सोही अनुसार पछिल्लो ३ महिनादेखि उक्त पद रिक्त रहेको थियो। तत्कालिन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले ठुला परियोजना अघि बढाउन उक्त बो गठन गरेका थिए।

# हिमालय एयरलाईन्सले सार्वजनिक गर्‍यो चार्टड उडान तालिका




**काठमाडौं, मस**-हिमालय एयरलाईन्सले विदेशमा अलपत्र परेका नेपाली ल्याउन आगामी ४ दिनको चार्टड उडानको तालिका सार्वजनिक गरेको छ। कम्पनीले अलपत्र परेका नेपाली ल्याउने उद्धेष्यले विभिन्न देशबाट चार्टड उडानमार्फत उद्धार गर्न लागेको हो। कम्पनीले आजै (आईतबार)देखि बुधबारसम्म लगातार ४ दिन आफ्ना चार्टड उडानमार्फत विदेशमा अलपत्र परेका नेपालीलाई ल्याउने भएको हो। कम्पनीका अनुसार आज मलेसियाका लालि चार्टड उडान गर्ने भएको छ। जस अन्तर्गत कम्पनीले भाडा भने ३७२ डलर तोकेको छ। यस्तै कम्पनीले सोमबार भने ३ ओटा चार्टड उडान भर्ने भएको छ। जसअन्तर्गत पाकिस्तान, माल्दीभ्स तथा कतारको दोहामा रहेका नेपालीलाई ल्याईने छ। यसका साथै कम्पनीले उक्त ३ स्थानबाट नेपाली ल्याउनका लागि भाडादर भने क्रमश: ३५०, ४८० र ३९२ डलर तोकेको छ।

यस्तै कम्पनीले मंगलबार पनि यूएई, साउदी अरेबिया र कुवेतका लागि चार्टड उडान गर्ने तालिका राखेको छ। जसअनुसार उक्त ३ देशबाट विदेशी कामदार ल्याउन क्रमश: ३८५, ४६५ र ४१० डलर भाडादर तोकेको छ। यस्तै कम्पनीले आगामी बुधबार भने अबुधावी र दोहाबाट उद्धार गर्ने तालिका बनाएको छ। जसमार्फत कम्पनीले विभिन्न कामदारहरु ल्याउने भएको हो।

# निस्कृय कर्जा व्यवस्थापन गर्न छुट्टै कम्पनीको माग

**काठमाडौं/मस**-कोभिड-१९ का कारण बैंक तथा वित्तीय संस्थामा निस्कृय कर्जा बढ्ने आँकलन गर्दै नेपाल बैकर्स संघले यसको व्यवस्थापनको लागि छुट्टै कम्पनीको माग गरेको छ। आज संघले आगामी आवको मौद्रिक नीति सम्बन्धि राष्ट्र बैंकलाई सुझाव दिँदै निस्कृय कर्जाका कारण पर्न सक्ने समस्या समाधानको लागि सम्पत्ति व्यवस्था कम्पनी खोल्नु पर्ने औल्याएका हुन्। खराब कर्जा व्यवस्थापनको लागि छुट्टै कम्पनी खोल्नु पर्ने आवश्कता देखिएकोले नीतिगत व्यवस्था गर्न सल्लाह दिएको संघका अध्यक्ष भुवन दाहालले बताए। कोभिका कारण उत्पन्न असहज परिस्थितिमा सम्पत्तिको व्यवस्थापन छुट्टै कम्पनी आवश्यक देखिएको हो। भारतका बैंक तथा वित्तीय संस्थाले पनि कोभिडबाट उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै सम्पत्ति व्यवस्थापनको लागि छुट्टै कम्पनीको माग गरेका छन्। आव २०७७/७८ का लागि पुनरकर्जा कोषको रकमलाई कोभिडबाट वास्तविक रुपमा प्रभावित भइ घाटामा गएका तथा आगामी आवमा पनि अत्यधिक प्रभावित हुन सक्ने ऋणीलाई प्राथमिकतामा राख्नुपर्छ,' सुझावमा भनिएको छ। बैकर्स संघले दिएको मौद्रिक नीति सम्बन्धी सुझावमा सीसीडी रेसियो हटाउनु पर्ने माग उल्लेख गरिएको छ। 'सीसीडी रेसियोले तरलताको व्यवस्था मापन नगर्ने भएको हुँदा सो रेसियोले नराख्दा उपयुक्त हुन्छ,' सुझावमा भनिएको छ। संघले तरलता वृद्धिमा विशेष जोड दिँदै सरकारी राजस्व संकलन केन्द्रमा बैंकका काउन्टरमार्फत जम्मा हुन आउने राजस्व रकमलाई निक्षेपको रूपमा मान्यता दिनुपर्ने सुझाव बैकर्सले मागेका छन्। यसरी जम्मा भएको राजस्व रकमलाई पनि निक्षेपका रूपमा गणना गर्न पाउने व्यवस्था गर्न भनिएको छ। यसबाट तरलता व्यवस्थापनमा थप सहज हुने उल्लेख गरिएको छ।

# बजेटको अभावमा सिँचाइ सुविधा अधुरै



**जाजरकोट/मस**-सिँचाइ सुविधा नहुँदा आकाशे पानीको भरमा खेती गर्दै आएका त्रिपुरासुन्दरी नगरपालिका -९ र १० का स्थानीयवासीको सपना अझै पुरा हुँन सकेको छैन।

जिल्ला कृषि विकास कार्यालय डोल्पाले उपलब्ध गराएको रु २५ लाख रुपैयाँमा मुँदेखि चुँसम्मको सिँचाइ योजना सम्पन्न नभएपछि ती स्थानीयको समस्या हल हुन नसकेको हो। बजेट अभावमा सो योजना सम्पन्न हुँन नसकेपछि यहाँका स्थानीयले सबै तहका सरकारलाई तत्काल बजेटको व्यवस्था गरी योजना सम्पन्न गर्न अनुरोध गरेका छन्। अहिले लिकुसम्म मात्र केही सिँचाइ सुविधा पुगेपनि बजेट नहुँदा सबै ठाउँमा पानी लिन नसक्दा सिँचाइ सुविधा नपुगेको हो।

त्रिपुरासुन्दरी-९ चुका रामप्रसाख खत्रीले भने, "सरकारले सबै वजेट यसैपटक दिएको भए हाम्रो योजना सम्पन्न हुने थियो तर केही छैन, अर्को वर्षको लागि बजेट दिएर यो योजना सम्पन्न गर्ने वातावरण तयार होस।"

कार्यालयको रु २५ लाख रुपैयाँमा ती दुई वडाका लागि सिँचाइ सुविधा पुर्‍याउनका लागि काम जारी राखेको भएपनि योजना अझै अधुरो रहेको छ। अहिले भएको काम सबै राम्रो भएको र अर्को वर्ष बजेटको व्यवस्थापन गरेर काम हुँन सके यहाँका कृषकलाई राम्रो हुँने कृषि विकास कार्यालयका प्रमुख भीम धरालाले जानकारी दिए।

अझै रु २० लाख भएमा मात्र योजना सम्पन्न हुँने उनले जानकारी दिए। उनका अनुसार प्रदेशबाट सिँचाइका लागि आएको अधिकांश योजनाको बजेट अपुग हुँदा योजना सम्पन्न हुन सकेका छैनन्।

गाबु खोलाबाट पानी ल्याएर सिँचाइ सुविधा पुर्‍याउने प्रयास भएपनि असफल हुँदै आएको उपभोक्ता समितिका अध्यक्ष लालभक्त बोहोराले जानकारी दिए। अव यो पटकको योजनाले केही आशा जगाएको उहाँले जानकारी दिए। नहर ल्याउनका लागि निकै अप्ठ्यारो भुभाग रहेको सो खोलामा धेरै मेहिनेत गर्नुपरेको वडा नं ९ का अध्यक्ष रमा बोहोराले बताउनुभयो। त्यस्तै सोही २५ लाखभित्रबाट यहाँका कृषकलाई टर्किबाट ल्याएको च्यान्दलर जातको तीन सय बोट ओखरका विरुवासमेत वितरण गरिएको छ।

# सनराईज बैंकद्वारा विद्याआश्रमलाई खाद्यान्न सहयोग

**काठमाडौं/मस**-सनराइज बैंकले कोरोनाबाट प्रभावित विद्याआश्रमलाई विभिन्न खाद्यान्न सामग्री सहयोग गरेको छ। कोरोनाबाट विश्व नै प्रभावित बनेका बेला बैंकले बुढानिलकण्ठ वेद विद्याश्रमलाई विभिन्न खाद्य सामग्री सहयोग गरेको हो। आज बुढानिलकण्ठ नगरपालिकामा रहेको आश्रममा गएर बैंकले चामल, दाल, तेल र पिठो सहयोग गरेको हो। यस्तै बैंकले नगद सहयोग पनि गरेको छ। २ लाख २५ हजार रुपैयाँको चेक बैंकले आश्रमलाई हस्तान्तरण गरेको हो।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**